## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/११/१७ गते सोमवार देखि २०६६/११/२० गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८९ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४१९५ कारोबारबाट २१ करोड ५ लाख ८० हजार रुपैयाँ बराबरका ६ लाख १० हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ११ करोड २९ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५३.६४ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १६.१८ अंकले वृद्धि भई अन्तिम दिन ५१४.०४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४६८.०७ | ४३७.४७ | ३६६.४९ | ५७५.७२ | ७८८.९३ | २५१.३५ | ५७५.५१ | ४८१.१० | ५१६.७१ | ४९७.८६ | १२१.१९ | ४६.४८ |
| दोस्रो | ४७४.१५ | ४३७.४७ | ३६५.९२ | ५८७.४६ | ७८५.२५ | २५१.३५ | ५७५.०४ | ४८१.४७ | ५१५.२३ | ५०३.१२ | १२२.७६ | ४६.८८ |
| तेस्रो | ४९१.३३ | ४३७.४७ | ३६५.९२ | ६०५.०८ | ७८२.४३ | २४७.०७ | ५७५.४१ | ४८२.४७ | ५३१.३० | ५१७.०० | १२६.३९ | ४८.०८ |
| चौथो | ४८०.६८ | ४३७.४७ | ३६५.९२ | ६२६.२३ | ७७९.७३ | २४७.०७ | ५७४.०७ | ४८३.३२ | ५२७.२७ | ५१४.०४ | १२६.०६ | ४७.४० |
| परिवर्तन | १२.६१ | ०.०० | -०.५७ | ५०.५१ | -९.२० | -४.२८ | -१.४४ | २.२२ | १०.५६ | १६.१८ | ४.८७ | ०.९२ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ४.८७ अंकले वृद्धि भई १२६.०६ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ३९ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (१ लाख २२ हजार कित्ता) को आधारमा एनसिएम म्यूचल फण्ड र कारोवार संख्या (६६३ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३३.९४ |
| २ | डिसिबीएल बैंक | २७.८४ |
| ३ | नबिल बैंक | १६.७९ |
| ४ | बैंक अफ काठमाण्डू | १३.२६ |
| ५ | भिबोर विकास वैंक | ११.०२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | कास्की फाइनान्स | हकप्रद | १०,००,००० कित्ता |
| २ | रिलायवल फाइनान्स | वोनस | १६५००० कित्ता |
| ३ | सानिमा विकास बैंक | वोनस | ३८१८५१ कित्ता |
| ४ | सहयोगी विकास बैंक | वोनस | ९०००० कित्ता |
| ५ | अन्नपूर्ण फाइनान्स | वोनस | २६२०८० कित्ता |
| ६ | अन्नपूर्ण फाइनान्स | हकप्रद | ४१५९९४ कित्ता |
| ७ | लुम्विनी बैंक | हकप्रद | २८९८३८१ कित्ता |
| ८ | लक्ष्मी बैंक | हकप्रद | ४३९२३४४ कित्ता |
| ९ | नेपाल श्रीलङ्का मर्चेण्ट | हकप्रद | २०००००० कित्ता |
| १० | आइ.एम.ई. फाइनान्स | वोनस | ४९८९२० कित्ता |
| ११ | रोयल मर्चेण्ट फाइनान्स | वोनस | १३५५१३ कित्ता |